# ढोरपाटन नगरपालिका

## गण्डकी प्रदेश, बागलुङ

# नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७८/०७९

# नवौ नगरसभा

मिति : २०७८।०३।१०

ढोरपाटन  नगरपालिकको नगर उप-प्रमुखज्यू, नगरसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत बिभिन्न सरकारी तथा निजी कार्यालयका प्रमुखज्यूहरु, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधानको कार्यान्वयनसँगै तीन तहका सरकार गठन भई देश समृद्धि र विकासतर्फ अगाडि बढिरहेकै समयमा कोभिड-१९ को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज अवस्थाका बिच स्थानीय सरकारको आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

सङ्घ, प्रदेश  र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने नेपालको संविधानको मर्मअनुरुप कानुनसम्मत रुपमा तीनै तहका सरकारको समन्वयमा कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न ढोरपाटन नगरपालिका प्रतिवद्ध छ ।

ढोरपाटन नगरपालिका लगायत स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नेपालीलगायत विश्वभरका नागरिकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । ढोरपाटन नगरपालिका लगायत स्वदेश र विदेशमा समेत उपचाररत दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

यस महत्त्वपूर्ण युगमा पुर्‍याउने कार्यमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, बिभिन्न आन्दोलनका क्रममा घाइते, बेपत्ता हुनुभएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । लोकतन्त्र र सामाजिक न्यायको आन्दोलनको अगुवाइ गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

**नगरसभाका सदस्यज्यूहरु,**

अब, म विषयगत क्षेत्रका नीति र कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**विषयगत क्षेत्रका नीति र कार्यक्रमहरुः-**

**क. आर्थिक विकास तर्फः**

**१. कृषि तथा पशुपालनः**

- नगरपालिकाभित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधीकरण तथा विशिष्टीकरण मार्फत नगरपालिकालाई **"कृषि उत्पादनमा आत्मनिर्भर"** बनाउन आवश्यक रणनीति तय गरिनेछ ।

- कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रहरुको पहिचान व्यावसायिक खेती, कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आबद्ध गर्न नगदे खेती एवम् सम्भावनायुक्त फलफूलहरुको खेती र सिँचाइको विस्तारमा जोड दिइनेछ ।

- मल, बिउको सहज रुपमा उपलब्ध गराइनेछ । प्रत्येक वडामा सिँचाइको व्यवस्था मिलाइनेछ ।कृषिमा यान्त्रिकीकरणका लागि कृषि औजार उपकरण र बजारका लागि सङ्कलन केन्द्र स्थापना गरिनेछ।साथै कृषिमा परेको समस्याका समाधानका लागि शिविर सञ्चालन गरिनेछ ।

- कृषकलाई मौसमजन्य कृषि बिउविजन सहज रुपमा उपलब्ध गराइनेछ ।

- कृषिको व्यावसायीकरण एवम् आधुनिकीकरण गर्न व्यावसायिक खेती गर्न चाहने कृषक एवम् कृषक समूहलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

- कृषि उपज उत्पादनमा रहेको कृषक/कृषि समूह र कृषि सहकारीहरुलाई उनीहरुको कृषि व्यवसायको सवलीकरण,प्रोत्साहन र पुरस्कारको व्यवस्था गरीने छ ।

- नगरमा कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा बृद्धि ल्याउन आवश्यक उपकरण व्यवस्थापन र कृषि प्राविधिक परिचालनमा जोड दिइनेछ ।

- खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्न कृषि प्राविधिकहरुको परिचालनमार्फत माटो परीक्षण गरी ठाउँअनुसार माटो योग्य खेती गर्ने वातावरण मिलाइनेछ ।

- कृषि क्षेत्रमा यस नगरपालिकालाई आत्मनिर्भर बनाउन उचित स्थानमा खाद्य तथा पोषण कार्यक्रममा योगदान पुर्याउने परम्परागत एवम् रैथाने खेती बालीहरु जस्तै आलु, कोदो, जौको व्यावसायिक उत्पादन केन्द्र विकास गरिनेछ ।

- यस नगरपालिकालाई मासुजन्य वस्तुमा आत्मनिर्भर बनाउन भेडा, बाख्रा तथा कुखुरापालन कृषकलाई अनुदानको व्यवस्था मिलाइनेछ ।साथै पशु तथा पंक्षीलाइ लाग्ने रोग निवारणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. **पर्यटनः**

- पर्यटनको पूर्वाधार विकासमा स्थानीय सङ्घसंस्था, समुदाय तथा निजी क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- नेपालका विभिन्न पर्यटकीय स्थल मध्ये महत्त्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको ढोरपाटन क्षेत्रको इतिहास, भूगोल, धर्म, संस्कृति झल्किने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

- नगरभित्रका पर्यटकीय स्थल र क्षेत्रको पहिचान, खोज तथा प्रचार प्रसारकालागि स्थानिय सञ्चार माध्यमहरुसँग आवश्यक सहकार्य गरी प्राथमिकताका साथ प्रवर्द्धन जोड दिइनेछ । महत्त्वपूर्ण पर्यटकीय क्षेत्रको नगरपालिकाले डकुमेन्ट्री तयार गर्नेछ ।

- नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा योगदान पुर्याउने सञ्चार माध्यमहरुसँग सहकार्य गरी **"मिडिया मिसन, गन्तव्य ढोरपाटन"** कार्यक्रममा सहकार्य गरीने नीति अवलम्बन गरिनेछ ।

- कोभिड-१९ को महामारी रोकथाम भएमा उद्योग तथा व्यापारसँग प्रत्येक वर्ष हुँदै आएको कोजाग्रत पूर्णिमा मेला र जनैपूर्णिमा मेलाको सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- पर्यटन प्रवर्द्धनसँग जोडिएका ढोरपाटन क्षेत्रमा रहेका महत्त्वपुर्ण स्थल ताल, हिमाल, गुम्बा, मन्दिर जोड्ने पर्यटकीय पैदल मार्ग निर्माण गरिनेछ ।

- पर्यटनको क्षेत्रमा उच्च सम्भावना बोकेको यस क्षेत्रमा पर्यटन विकासका लागि पूर्वाधारको निर्माण, पर्यटकीय क्षेत्रहरुको पहिचान एवम् प्रचारप्रसार तथा पर्यटकमैत्री समुदाय निर्माणलाई विशेष प्राथमिकता दिइनेछ ।

- पर्यटन क्षेत्रलाई रोजगारी एवम् आय-आर्जनसँग जोड्न बिभिन्न वडाहरुमा सञ्चालित होमस्टेहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ । साथै आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षण गर्न बिभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

- यसैगरी ढोरपाटन उपत्यका ढोरबराह मन्दिर, रुद्र ताल, धोर्जेको धुरी, अर्नाकोट बयचौर क्षेत्र तथा वडा नं. ४ स्थित रिखुवा महखोला झरना लगायतका बिभिन्न पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार तथा संरक्षणमा जोड दिइनेछ ।

- नगर क्षेत्रभित्र रहेका विभिन्न पर्यटकीय स्थानहरु बिच पर्यटकीय पदमार्ग निर्माण गर्ने, सम्भाव्यता अध्ययन गरिनेछ ।

- नगर तथा आसपासका क्षेत्रहरुको पर्यटन सम्भावनालाई समेट्ने गरी एक बृहत् पर्यटन गुरुयोजना तयार गरिनेछ ।

## ३. उद्योग तथा वाणिज्यः

- नागरिकहरुलाई नेपालको संविधानले प्रदान गरेको उपभोक्ताको हक सुनिश्चित गर्न बजारको नियमित अनुगमन गर्ने, अखाद्य वस्तुको बिक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्ने, कालोबजारी नियन्त्रण गर्ने तथा आपूर्ति र भण्डारणको उचित व्यवस्था गर्ने वातावरण मिलाइनेछ ।

- स्थानीय उत्पादनलाई बढवा दिन बिभिन्न उत्पादक समूहहरुबिच प्रतिस्पर्धा गराइ उचित पुरस्कारको व्यवस्था गरिनेछ भने स्थानीय स्तरको स्रोत साधन र सिपबाट उत्पादन हुने सामग्रीहरुको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

- यसैगरी नगरपालिका, उद्योग वाणिज्य सङ्घ, उपभोक्ता मञ्च र स्थानीय प्रशासनसँगको सहकार्यमा आर्थिक गणना गर्ने व्यवस्था मिलाइ नगरक्षेत्रभित्रको आर्थिक तथ्याङ्क अद्यावधिक गरिनेछ ।

- नगरपालिकाभित्र सञ्चालित सबै व्यवसाय, उद्यम तथा रोजगारमूलक संघ संस्थाको वृद्धिविकास र प्रवर्द्धनमा टेवा पुग्ने गरी, स्थानीय ढोरपाटन उद्योग वाणिज्य संघ, बुर्तिबाङसँगको सहकार्यमा, व्यवसायिक तालिम, गोष्ठिसहितको शिविर सञ्चालन गरिनेछ ।

## ४. सहकारी तथा वित्तीय क्षेत्रः

- सहकारी र वित्तीय संस्थाहरुको सहयोग र समन्वयमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

- निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुको सहकार्यबाट सहकारी प्रवर्द्धन समूह सहकारीकरण सहकारी सचेतना र सहकारीमा रहेको पुँजी परिचालन, सहकारीमार्फत लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षणको अभिलेखलाई अद्यावधिक गराइ क्रियाशिल सहकारीलाई व्यवस्थापन तालिमको व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रवर्द्धनका लागि नियमित अनुमगन, नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि आर्थिक वर्षको अन्त्यमा नगरपालिकामा बुझाउनु पर्ने कार्यलाइ अनिवार्य गराइनेछ ।

**५. रोजगारी**

- कोरोना भाइरसको सम्भावित सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न गरिएको लकडाउनको कारण भारत लगायत अन्य देशहरुबाट स्वदेश फिर्ता भई रोजगारी गुमाएका नागरिकहरुलाई रोजगारी दिन आ.व. २०७८/०७९ देखि **"मेयर रोजगार कार्यक्रम"** सुरुवात गरिनेछ ।
- बेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरी लाभग्राही परिचयपत्रको व्यवस्था गरिनेछ साथै सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी पारिश्रमिक स्वरुपको रकम सोझै बैङ्क खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
- बेरोजगार व्यक्तिलाई आयोजनागत तालिमको व्यवस्था गर्ने, विश्वबैङ्कको वित्तीय सहयोगमा युवा रोजगारीका लागि पहल तथा आयोजना सञ्चालन गर्ने तथा रोजगार सेवाकेन्द्रको सुदृढीकरण र आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।
- रोजगारीमा संलग्न हुने लाभग्राहीलाई योजना जानकारी तथा अभिमुखीकरण तालिम प्रदान गर्नुका साथै स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

- यस ढोरपाटन नगरपालिकामा सञ्चालन गरीने रोजगारमूलक आयोजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनासँग साझेदारीमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरी सामुदायिक पूर्वाधार निर्माण तथा मर्मतका कार्यहरू अगाडि बढाइनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

**ख. सामाजिक विकास तर्फः**

**१. शिक्षा**

- शिक्षा क्षेत्र मानव संशाधन विकासको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो भन्ने मान्यतालाई आत्मसात् गर्दै यस क्षेत्रलाई गुणस्तरीय,सर्वसुलभ र पहुँचयोग्य बनाउन यस ढोरपाटन नगरपालिका प्रतिवद्ध छ ।

- कोभिड-१९ का कारण भएको शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न आवश्यक शैक्षिक योजना तर्जुमा गरी भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न असम्भव भएका स्थानका विद्यालयहरुमा वैकल्पिक सिकाइ सहजीकरण सामग्रीको व्यवस्थापन गरिनेछ ।

- **"मेयर शैक्षिक सुधार कार्यक्रम"** अन्तर्गत विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धताको आधारमा प्रत्येक वडामा **"एक वडाः एक नमूना विद्यालय कार्यक्रम"** लागु गरिनेछ ।

- नगर स्तरीय प्रतिभा पहिचान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।साथै सो कार्यक्रममार्फत विद्यार्थीको प्रतिभा पहिचानका लागि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

- नगरपालिकाले सञ्चालन गर्दै आइरहेको विद्यार्थी सिकाइ उपलब्धि परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षा तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ ।

- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समसामयिक शिक्षण विधि तथा कक्षा व्यवस्थापन एवम् आई.सी.टी. (ICT) को प्रयोग गर्न विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता, शिक्षक, कर्मचारी र लेखापालको क्षमता अभिवृद्धिका लागि विषयगत तथा पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनेछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घ र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी विद्यालय सुशासन कायम गरिनेछ ।

- कोभिड १९ को चपेटामा नगरभित्रका विद्यालयहरु सञ्चालनमा समस्या उत्पन्न भइरहेको परिवेशमा स्थानीय रेडियोहरुबाट बालबालिकको सिकाइ उपलब्धीलाई मध्यनजर गरी **"शैक्षिक कार्यक्रम"** उत्पादन र प्रशारणको व्यवस्था मिलाइने छ ।

- सामुदायिक विद्यालयमा अध्ययन गर्ने अनाथ, गरिब, जेहेन्दार विद्यार्थी छनोट गरी उचित छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

- नगर स्तरीय शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नेपाल सरकारले तोकेको पाठ्यघण्टा र कार्यघण्टा नघट्ने गरी स्थानीय पाठ्यक्रम तयार गरिनेछ ।

- सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा तथा कक्षा ६-१२ का छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन र वितरणलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

- नगर क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक सिकाइ केन्द्रलाई तोकिएको मापदण्ड पुरा गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ ।

- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाउन बजेट व्यवस्थापन गरिनेछ ।

- सबै आधारभूत तथा माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

- नगर अनुदानबाट सञ्चालित विद्यालयहरुलाई आवश्यक सबै प्रकारका अनुदानको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

- दरबन्दी मिलानको क्रममा विद्यार्थी अनुपातको आधारमा प्राप्त भएका सबै प्रकारका दरबन्दीलाई न्यायोचित रुपले वितरण गरिनेछ साथै नगरभित्र रहेका शिक्षकको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

- शैक्षिक प्रदर्शनी तथा शैक्षिक पढाइ मेला (कक्षा १-३) को माध्यमबाट विद्यार्थीको क्षमता मापन गर्ने व्यवस्था मिलाइनेछ ।

- प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तथा नगर अनुदान शिक्षकको तलव भत्तामा पुनरावलोकन गरिनेछ ।

- विद्यालयको शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन इमिक्स (IEMIS) सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

- नगरपालिका अन्तर्गत प्राविधिक शिक्षा अध्ययनरत तथा उच्च शिक्षामा इन्जिनियरिङ, इन्फर्मेसन टेक्नोलोजी, विज्ञान विषय अध्ययनरत **गरिब, विपन्न जेहेन्दार विद्यार्थीहरुलाई** कार्यविधि निर्माण गरी छनोट भएका प्रत्येक विषयबाट ५/५ जना विद्यार्थीहरुलाई सहयोग तथा प्रोत्साहनका लागि **मेयर छात्रवृत्ति कार्यक्रम** सञ्चालन गरिनेछ ।

- विद्यालयको भौतिक संरचना, शैक्षिक वातावरण एवम् व्यवस्थापकीय पक्षको नियमित अनुगमन गरी शैक्षिक उपलब्धिको आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ।

- प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षर कक्षाहरु सञ्चालन गर्न विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

**२. स्वास्थ्यः**

- कोरोना भाइरसको महामारी विरुद्धको लडाइमा अग्रपङ्तिमा रही काम गरिरहनु हुने भएका सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस विषम परिस्थितिमा निरन्तर रुपमा लागि पर्नुहुने उहाँहरुलाई उचित प्रोत्साहनको लागि बजेटको व्यवस्था गरिनेछ ।

- ढोरपाटन नगरपालिका अन्तर्गत सञ्चालनमा रहेको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई २५ शैयाको प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति गरिनेछ ।

- बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसूति कक्षमा बिरामी कुरुवाका लागि एसीसहितको क्याबिन निर्माण गरिनेछ ।

- डिजिटल एक्सरे जडान मेडिप्रो सिस्टम तथा डिजिज मनिटरिङ सिस्टमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

- यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड बमोजिमका खोप केन्द्र स्थापना गरिनेछ ।

- यस नगरपालिका भित्रका अति विपन्न तथा फरक क्षमताले सक्षम नागरिकका १०० परिवार (प्रति परिवार ५ जनाका दरले) लाई यस आ.व. ०७८।७९ को लागि "**मेयर**

**स्वास्थ्य कार्यक्रम"** अन्तर्गत प्रति परिवार एक लाखको स्वास्थ्य बिमामा आवद्ध गरिनेछ, साथै महिला स्वास्थ्य स्वयम् सेविकालाई आवश्यक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

- ढोरपाटन वडा नं. ९ स्थित पाखाथरमा १५ शैयासहितको अस्पताल निर्माणको थालनी गरिनेछ ।
- पोषणयुक्त खानेकुराको अभावमा कुपोषणको शिकार भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै पोषण सम्बन्धी कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

## ३. खानेपानी तथा सरसफाइः

- नगरपालिकामा पूर्ण सरसफाइ कायम गर्न आ-आफ्नो टोलमा सरसफाइ गर्न टोल विकास समिति परिचालन गरिनेछ । सरसफाइमा उत्कृष्ट कार्य गर्ने टोल विकास समितिलाइ उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- **"स्वच्छ नगर, स्वस्थ नगरबासी"** हाम्रो मुख्य लक्ष्य हो।नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **"एक घर, एक धारा कार्यक्रम"** सहित सबै नगरवासीलाई क्रमशः स्वच्छ खानेपानी उपलब्ध गराउन सङ्घीय र प्रदेश सरकारको समन्वयमा काम सुरुवात गरिनेछ ।
- **"सफा घर, टोल र सहर ढोरपाटन बासीको एउटै रहर"** भन्ने नारालाई सार्थक बनाउन २०७४ साल असार महिनादेखि फोहोरमैलाको अल्पकालीन व्यवस्थापन सुरुवात भइसकेकाले यसलाई थप व्यवस्थित गर्न दिर्घकालीन नीति लिइनेछ ।

## ४. संस्कृति र सम्वर्द्धनः

- मौलिक सिर्जनाका माध्यमद्धारा समाजका उपयोगी कृतिहरुको संरक्षण विद्धानहरुको सम्मान र साहित्यिक गतिविधिको प्रबन्ध गरिनेछ ।
- समाजमा रहेका विद्यमान छाडा संस्कृतिलाई निरुत्साहित गर्दै मौलिक हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

- ढोरपाटन क्षेत्रभित्रका कला र संस्कृतिको खोजी गरी आन्तरिक तथा बाह्य पर्यटनसँग आवद्ध गराइनेछ ।ऐतिहासिक दशैं पूर्णिमा र जनैपूर्णिमा मेलालाई व्यवस्थित गर्न पहल गरी बिभिन्न महोत्सवमा पञ्चेबाजा सञ्चालनमा ल्याई उत्कृष्ट बाजा समूहलाई प्रोत्साहन गरिनेछ ।

- नगरभित्र रहेका विभिन्न कलाको संरक्षण गर्ने तथा नयाँ प्रतिभा पहिचान गर्दै उत्कृष्ट कलाकारलाई पुरस्कृत गर्ने काम सुरुवात गरिनेछ ।

**५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

- नगरभित्रका जेष्ठ नागरिकहरुको संरक्षण नियमित र निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको प्रबन्ध, स्वास्थ्य शिविर, सम्मान कार्यक्रम र अन्य प्रवर्द्धनात्मक कार्यक्रमलाई नगर सरकार र टोल विकास समितिहरुमार्फत निरन्तरता दिइनेछ ।

- प्रत्येक वडा/टोलमा जेष्ठ नागरिक क्लब गठन गरी उहाँहरुको जीवनयापनलाई सहज बनाउन पहल गरिनेछ ।

- बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ । साथै बालश्रम, बालविवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलाको पीडा र गुनासाहरुलाई सहज ढङ्गले प्रस्तुत गर्न सजिलो होस् भन्ने उद्देश्यले ईलाका प्रहरी कार्यालय बुर्तिबाङमा सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी छुट्टै महिला सेल स्थापना गर्न पहल गरिनेछ ।
- सरकारी सार्वजनिक तथा व्यावसायिक औद्योगिक भवनहरु अपाङ्गता मैत्री मापदण्ड अनुसार निर्माण गर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य रोजगार जस्ता क्षेत्रमा र अपाङ्गताको प्रकार हेरी सहुलियत तथा निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै आएका व्यवसायहरुलाई आधुनिक बनाउँदै लगिनेछ भने नयाँ पुस्तालाई त्यस्ता व्यवसायहरुतर्फ आकर्षण गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- समाजमा रहेका विभिन्न प्रकारका कुरीति, कुप्रथा, जातीय विभेद, लैङ्गिक विभेद तथा अन्य प्रकारका विभेदहरु न्यूनीकरण गर्न आवश्यक सचेतना कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ भने त्यस्ता विभेद गर्ने व्यक्तिहरुलाई कानुनको दायरामा ल्याउन पहल गरिनेछ ।

## ५ युवा तथा खेलकुदः

- निजी तथा सामुदायिक एवम् सङ्घसंस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा नगर स्तरीय खेलकुद प्रतियोगीताको आयोजना गरिनेछ ।खेलकुद विकास गुरुयोजना तर्जुमा गर्ने साथै खेलकुद विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

- पूर्णिमा मेलाको अवसरमा "**मेयर रनिङ गोल्डकप**" प्रतियोगिता सञ्चालन गरी प्रतिभावान् खेलाडीहरुको पहिचान गर्दै उचित प्रोत्साहन गरिनेछ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवम् पुरस्कृत गरिनेछ ।

- युवाको वृत्ति विकासका लागि युवा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

- युवामा स्वयमसेवी भावना जागृत गर्न, सामाजिक जिम्मेवारी बोध गराउन, विपद् व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न "**युवा स्वयम् सेवा कार्यक्रम**" सञ्चालन गरिनेछ ।
- गरिब, अति विपन्न तथा लक्षित समुदायका प्रतिभावान खेलाडीहरुको क्षमता विकास गर्न तथा उनीहरुलाई राज्यका तहको पहुँचमा ल्याउन आवश्यक कदम चालिनेछ ।

## ६. पूर्वाधार विकासः

### १. सडक तथा पुल

- ढोरपाटन नगरपालिकाले सञ्चालन गरेका अपुरा योजनालाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ साथै आ.व. २०७८/०७९ मा पनि पूर्वाधार योजनालाई प्राथमिकतामा राखिनेछ ।

- नगरभित्रका सबै वडाहरुमा मोटरबाटोको सहज पहुँच पुर्याउन वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन गरी सो कामलाई अझै व्यवस्थित गराइनेछ ।

- सालझण्डी-ढोरपाटन सडकलाई शीघ्र सञ्चालन गर्न सम्बन्धित निकायमा पहल गरी सञ्चालनमा ल्याइनेछ ।

- स्थानीय तहमा निर्माण गरिने पूर्वाधार संरचनाहरुलाई मजबुत, गुणस्तरीय र मैत्रीपूर्ण बनाउन उपभोक्ता समितिहरुलाई पनि साझेदारीमा सहभागी बनाइ अपनत्त्व बोध गराइनेछ ।
- सडकमा अनुचित ढङ्गबाट राखिएका निर्माण सामग्रीका कारण आवागमनमा अबरोध गर्ने र दुर्घटना हुने हुँदा यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ ।

- प्रदेश सरकारसँगको साझेदारीमा बुर्तिबाङ, अर्नाकोट, घम्पुदेउराली हुँदै ढोरपाटनसम्म सडक निर्माण गरिनेछ ।

**२. झोलुङ्गे पुल**

- ढोरपाटन नगरभित्र लामो तथा छोटो झोलुङगे पुल निर्माणका लागि सङ्घ र प्रदेश सरकारको साझेदारीमा डी.पी.आर तयार तथा निर्माण कार्यलाई जोड दिइनेछ ।

**३. सिँचाइ**

- ढोरपाटन नगरपालिका विभिन्न वडाहरुमा रहेका साना तथा ठुला आयोजनाहरुलाई निरन्तरता दिई वडाहरुमा लिफ्टिङ सिँचाइका लागि सम्बन्धित निकायमा बजेट विनियोजनको पहल गरिनेछ ।

**४.भवन तथा सहरी विकास**

- ढोरपाटन नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण कार्यअगाडि बढाइनेछ ।

- आवासविहिन परिवारका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी व्यवस्थित रुपमा घर निर्माण गर्ने प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

- भूमि सम्बन्धी समस्या समाधानको लागि ढोरपाटन नगरपालिकामा लगत सङ्कलनको कार्य भइरहेको वर्तमान अवस्थामा उक्त कार्य सम्पन्न गरी लालपूर्जा वितरण गर्न आवश्यक बजेट तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

- नगरभित्रका भूमिहिन र सुकुमबासीहरुलाई सुरक्षित बसोबासको लागि सामुहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

- नगरभित्र दीर्घकालीन महत्त्व राख्ने योजनाहरुको गुरुयोजना निर्माण गर्न यस आर्थिक वर्षमा डिपिआर तयार गरिने छ ।

- नगरपालिकाको बुर्तिबाङ बजार क्षेत्र र आसपासमा मात्र कार्यक्षेत्र रहेको नयाँ शहर आयोजनाका क्षेत्र विस्तार गर्न र यहाँ आवश्यक भौतिक संरचना निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युतीकरण लागि दीर्घकालीन गुरुयोजना निर्माण गर्न नगरपालिकाले विशेष भूमिका खेल्ने छ ।

- नगरपालिकाभित्रका खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउन गत आ.व मा प्रारम्भ गरिएको कार्यलाई आ.व. २०७८/७९ मा पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।
- ढोरपाटन नगरपालिकाभित्र बन्ने नयाँ भवनका लागि निर्धारित मापदण्डको अधीनमा रही भूकम्प प्रतिरोधी घर निर्माण गर्ने कार्यलाई अझै व्यवस्थित गरिनेछ ।

## ५. लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा

- ढोरपाटन नगरपालिका साना जलविद्युत आयोजनाहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- उज्यालो नगर अभियानअन्तर्गत ढोरपाटन नगरक्षेत्रमा अत्यावश्यक ठाउँहरुमा सौर्य सडक बत्ति व्यवस्थापन गरिनेछ ।यसैगरी विद्युतको पहुँचमा नभएका नागरिकहरुका लागि वैकल्पिक स्रोतको रुपमा सोलार सेटहरु वितरण गरिनेछ ।

- ढोरपाटन नगरपालिका अन्तर्गतका वडाहरुमा केन्द्रीय विद्युत प्रसारण लाइन विस्तार गर्न पहल गरिनेछ ।

- प्रस्तावित ढोरपाटन जलासययुक्त जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन भई निर्माण हुने अवस्थामा प्रभावित जनताहरुको आवश्यक व्यवस्थापनको साथै उक्त आयोजना अगाडि बढाउन उचित व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

- वैकल्पिक ऊर्जा विकासको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरिनेछ ।

## ६) सञ्चार

- विगत वर्षदेखि नै प्रयोगमा आएको मालपोत करको सफ्टवेयर अनिवार्य रुपमा हस्त लिखित रसिदहरु विस्थापन गरी हरेक वडामा लागु गरिनेछ ।

- **"मोवाइल एप्सका"** माध्यमबाट सम्पूर्ण नगरवासीहरुले सरल र सहजरुपमा सेवा प्राप्त गर्ने आफूसँग सम्बन्धित सूचनाहरुको उपयोग गर्न सक्ने नगरको सेवाको बारेमा जानकारी लिई आफ्ना गुनासा सम्बोधन गर्न सक्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

- नगरभित्र सञ्चालनमा रहेका सामुदायिक रेडियोहरुको सवलीकरण र क्षमता अभिवृद्धिका लागि कार्यक्रम बनाइने छ । उनीहरुको कार्यसम्पादन र प्रभावकारिता आधारमा नगरले सहकार्य गर्ने नीति अवलम्बन गर्ने छ ।

- साथै, नगरपालिका क्षेत्रमा दर्ता भई सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, अनलाइनहरुलाई नगरमा सूचीकृत गरी नगरका लोक कल्याणकारी विज्ञापन (सामाजिक सन्देश प्रशारण) गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

## ७. वातावरण तथा विपद् व्यवस्थापन

- स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । विपद् जोखिम क्षेत्रको नक्साङ्कन, सरकारी कुलोको संरक्षण र व्यवस्थापन गरिनेछ ।

- सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- नगरक्षेत्रभित्र रहेका सबै सरकारी, निजी र सार्वजनिक स्थलहरुमा वृक्षारोपण गर्ने, पौराणिक पोखरी संरक्षण, वर पीपल, चौतारी संरक्षण र विश्राम स्थल निर्माण गर्ने कार्यलाई अभिप्रेरित गरिनेछ ।

- **"विपद् न्यूनीकरणका लागि पूर्व तयारीमा जुटौं"** भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ । साथै नगर विपद् प्रतिकार्य योजना बनाइ नेपाली सेना, नेपाल प्रहरी, टोल विकास समिति स्थानीय क्लब र रेडक्रससँग सहकार्य गरी विपद् न्यूनीकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

- प्राकृतिक विपद् बाट हुने क्षति तथा अफ्ठ्यारोलाई तत्काल सहजता प्रदान गर्न **"जहाँ विपद्, त्यहाँ राहत" को** नीति ल्याई विपद् व्यस्थापन कोष स्थापना गरी कार्यान्वयन गरिनेछ ।

- भुजीखोला तटबन्धन तथा नदी नियन्त्रण कार्यलाई व्यवस्थापन गरिनेछ ।

- सामुदायिक वनलगायत समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्दै स्थानीय समुदायलाई वन पैदावारको सहज आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ। संरक्षण क्षेत्र र संरक्षित क्षेत्रका पूर्वाधार विकासका कार्यक्रमहरूलाई जोड दिइनेछ।

- नगरभित्र रहेका सामुदायिक वनहरुको प्रवर्द्धनका लागि (**सामुदायिक वन साझेदार कार्यक्रम**) सञ्चालनमा ल्याइनेछ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरुः**

**सुशासन तथा संस्थागत विकास**

- जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरबासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत नीति सुदृढीकरण गरिनेछ । साथै नगरपालिकाको सङ्गठन संरचना पुनरावलोकन गरी जनशक्ति आपूर्ति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

- नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा चुस्त दुरुस्त साथै प्रभावकारी बनाउन कम्प्युटर सेवा प्रणालीको विकास गर्दै लगिनेछ ।
- नगरपालिकाको डिजिटल प्रोफाइल निर्माणमा आवश्यक बजेट विनियोजन गरिनेछ साथै ढोरपाटन नगरपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षलाई समेटिएको वृत्तचित्र निर्माण गरिनेछ।

- नगरको आन्तरिक नियन्त्रण प्रणालीलाई उत्तम बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ ।

- संविधानले प्रदान गरेको सूचनाको हकलाई कार्यान्वयन गर्न नगरपालिकाबाट दिइने सम्पूर्ण सेवाहरुको बारेमा नागरिकहरुलाई नगर कार्यपालिकादेखि वडा कार्यालयहरुसम्म नागरिक वडापत्रद्धारा जानकारी गराइनेछ भने सम्पूर्ण क्रियाकलापहरुको बारेमा नियमित रुपमा सार्वजनिक सुनुवाइ गरिनेछ ।

- भुक्तानी प्रक्रियालाई सरलीकरण गर्नका लागि उपभोक्ता समितिलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

- सामाजिक सुरक्षा वितरण प्रणालीलाई चुस्त, पारदर्शी एवम् पहुँचयोग्य बनाइ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षामा लाभग्राहीहरुको लागत संकलन गरी अद्यावधिक गर्ने कार्यलाई तीव्र बनाइनेछ ।

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनअनुसार नगरपालिकालाई प्रदान गरिएको काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा सञ्चालन गर्न सबै वडाहरुमा मेलमिलाप समिति गठन गरी कामलाई वस्तुपरक र प्रभावकारी बनाइनेछ ।

**अन्त्यमा,**

ढोरपाटन नगरपालिकालाई विकास र समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुर्याउनुहुने राजनीतिक दल, नागरिक समाज लगायत जनप्रतिनिधिहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। ढोरपाटन नगरपालिकाको समस्त आर्थिक, सामाजिक र पूर्वाधार विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, श्रमिक वर्ग, नागरिक समाज, निजी, सहकारी तथा सामुदायिक क्षेत्रका, बुद्धिजिवी, आमसञ्चार, राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा ढोरपाटन नगर विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ! नमस्कार**